# टी.बी. बुलेटीन

नेपाल क्षयरोग निवारण संस्था

वर्ष २१ २०८३ चौमासिक अंक १


## प्राइभेट क्याबिन भवनको उद्घाटन

मिति २०८२ साल चैत्र २५ गते नेपाल क्षयरोग निवारण संस्थाद्वारा सञ्चालित कालिमाटी चेस्ट अस्पतालको लागि विभिन्न संघसंस्था तथा व्यक्तिहरूको आर्थिक सहयोगमा सात (७) वटा प्राइभेट क्याबिन भवन समुदघाटन कार्यक्रम सम्पन्न भयो । उद्घाटन कार्यक्रमको सभापतित्व केन्द्रीय अध्यक्ष श्री देवेन्द्रबहादुर प्रधान ज्यूले गर्नुभएको थियो भने प्रमुख अतिथिको रूपमा काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोलज्यू हुनुहुन्थ्यो ।

कार्यक्रममा प्रमुख अतिथि, अतिथि तथा उपस्थित महानुभावहरूको स्वागत गर्नु हुदै संस्थाका महासचिव श्री श्यामकुमार श्रेष्ठज्यूले संस्थाको परिचय तथा गतिविधिबारे जानकारी गराउनुभएको थियो । वि.स २०१० मा स्थापना भएको यस संस्थाले निरन्तर रूपमा सामाजिक कार्य विशेषगरी क्षयरोग निवारणको लागि कार्य गरिरहेको र अझ बढी कार्य गर्नुपर्ने धारण राख्नु भयो ।

उक्त उद्घाटन कार्यक्रमको सभापति तथा यस संस्थाका अध्यक्ष श्री देवेन्द्र बहादुर प्रधानले नेपालमा क्षयरोग सम्बन्धी कार्य गर्ने यो नै पहिलो सामाजिक संस्था हो र यस संस्थाले स्थापना काल देखि नेपालमा क्षयरोग निवारणमा विभिन्न उपचारात्मक र प्रचारात्मक कार्य गर्दै आइरहेको छ र हाल ३२ वटा जिल्लामा आफ्नो शाखा विस्तार गरि क्षयरोग निवारण सम्बन्धी विभिन्न कार्यक्रमहरू संचालन गर्दै आइरहेको र नेपालको एक मात्र छाती रोग अस्पतालको रूपमा यस संस्थाद्वारा संचालित कालिमाटी चेष्ट अस्पतालको लागि नेपाल सरकारबाट दिदै आइरहेको बजेट अनुदानमा कटौती गरेकोले अस्पताल संचालनमा कठिनाई भइरहेको अवस्थाको जानकारी गराउनु भएको थियो । आगामी दिनमा सरल र व्यवस्थित रूपमा अस्पताल संचालन गर्न नेपाल सरकारले दिइएको बजेट अनुदानमा वृद्धि गर्नुपर्ने र काठमाडौं महानगरपालिका सँग पनि सहकार्य गर्न यस संस्था इच्छुक रहेको धारणा व्यक्त गर्नु भयो । काठमाडौं महानगरपालिका वडा नं १३ बाट वार्षिक रूपमा यस संस्थालाई आर्थिक तथा भौतिक सहयोग गरे बापत वडा अध्यक्ष श्री ध्रुव नारायण मानन्धरलाई धन्यवाद दिदै यस किसिमको सहयोगको निरन्तरताको अपेक्षा रहेको बताउनु भयो ।

कार्यक्रमको प्रमुख अतिथि एव्म काठमाडौँ महानगरपालिकाकी का.वा प्रमुख श्री सुनिता डंगोलज्यूले नेपाल क्षयरोग निवारण संस्थाको नयाँ प्राइभेट क्याबिन उद्घाटन गर्नुहुदै आफ्नो मन्तव्यको क्रममा यस संस्थाले क्षयरोगको न्यूनिकरण र रोकथाम गर्नमा ऐतिहासिक कार्य गर्दै आएकोले का.म.न.पाले आगामि दिनमा यस संस्थासँग सहकार्य गरि अस्पताल भवन निर्माण तथा अन्य आवश्यक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु भयो । विभिन्न संस्था तथा व्यक्तिहरूको आर्थिक सहयोगमा सात वटा व्यवस्थित प्राइभेट क्याबिन भवन निर्माण गर्न सहयोग गर्नुहुने सम्पूर्ण मनकारी दाताहरूलाई प्रशंसा गर्दै कदर पत्र सहित धन्यवाद दिनुभएको थियो ।

का.वा प्रमुखले यस संस्थाले नेपाल सरकारको क्षयरोग निवारण कार्यक्रमलाई सघाउँदै आएको चर्चा गर्नुभयो । साथै उहाँले हाल क्षयरोगको अवस्था बारे आफू सचेत रहेको र स्वास्थ्य क्षेत्रको अति आवश्यक सेवादायी संस्थाहरूसँग निरन्तर सहकार्य र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।



कार्यवाहक प्रमुखज्यूले संस्थाको हालको समस्या बारे जानकारी लिनुहुँदै उक्त समस्याहरूको चाँडो समाधान गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले संस्थाद्वारा सञ्चालित कालिमाटी चेस्ट अस्पताल, जेनेटप टि.बी ल्याब र होस्टेलको अवलोकन समेत गर्नुभएको थियो ।

उद्घाटन कार्यक्रममा काठमाडौँ महानगरपालिका वडा नम्बर १३ का अध्यक्ष श्री ध्रुव नारायण मानन्धर ज्यूले यस संस्थालाई विगतमा पनि सहयोग र समन्वयन गर्दै आएको कुरो

*क्रमशः पेज ३*

# सम्पादकीय

## विश्व क्षयरोग दिवसको अवसरमा : सचेतना, जिम्मेवारी र उन्मुलन तर्फको यात्रा

*सबै नागरिकले भेदभाव रहित, सम्मानजनक र गुणस्तरीय स्वास्थ्य सेवा पाउनु उनीहरूको मौलिक हक हो । समाजमा रहेका असमानता, अन्धविश्वास, कुरिती र बिभेदले गर्दा सबै नागरिक सम्म सर्वसुलभ रूपमा स्वास्थ्य सेवाको पहुच पुगेको छैन । नेपालको झण्डै आधा जनसंख्या क्षयरोग (Latent TB) बाट सङ्क्रमित रहेका छन । क्षयरोग नियन्त्रणका लागि स्वास्थ्य सेवा मात्र नभएर बिरामीको मानव अधिकारमा आधारित दृष्टिकोण आवश्यक मानिएको छ । क्षयरोग निवारणमा सामुदायिक अधिकार र लैङ्गिक सिद्धान्त अनुसार क्षयरोगलाई केवल एक स्वास्थ्य समस्या वा रोगको रूपमा मात्र नहेरी यसको सामाजिक, कानुनी र लैङ्गिक आयामलाई बुझ्न जरूरी हुने गर्दछ । यसले ३ वटा दृष्टिकोण छन् ।*

**क .समुदाय:**

*क्षयरोगबाट बढी प्रभावित भएका समुदाय, बिरामी तथा यस रोगबाट निको भएका व्यक्तिहरू लाई उपचार सेवाको पहुँच बढाउन र नीति निर्माणमा सक्रिय रूपमा सहभागी गराउन ।*

**ख. अधिकार:**

*क्षयरोग विरामीहरूको मानव अधिकारको वकालत गर्नु साथै हरेक बिरामीले बिनाकुनै भेदभाव स्वास्थ्य सेवा पाउनु पर्छ उनीहरूको गोपनीयताको रक्षा हुनुपर्छ र कसैलाई पनि जबर्जस्ती उपचार वा सजायको भागीदार बनाइनु हुँदैन ।*

**ग.लैङ्गिक दृष्टिकोण:**

*महिला, पुरूष र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका लागि क्षयरोग उपचारको पहुँच फरक फरक हुन सक्छ । महिलाहरू सामाजिक संरचनाका कारण उपचारमा नजानु वा उपचार नगर्नु, पुरूषहरू कामको सिलसिलमा बाहिर जाने वा जोखिमयुक्त ठाँउमा जानुपर्ने र अल्पसङ्ख्यक समुदायको असमानताको सबै बिचारलाई हटाउन यसले मद्दत गर्छ ।*

*नेपालमा क्षयरोगसँग जोडिएको सामाजिक लाञ्छना र भेदभाव अझै पनि एउटा ठुलो चुनौतिको रूपमा रहेको छ ।*

**जस्तै: पारिवारिक र सामाजिक बहिष्कार–**

*क्षयरोग लागेको थाहा पाएपछि परिवार वा समाजले बिरामीलाई अलग्गै राख्ने हेला गर्ने वा सम्बन्ध नै तोडने जस्ता व्यवहार गर्ने गरेको पाइन्छ ।*

**रोजगारी र आर्थिक असर–**

*बिरामीहरूले रोगकै कारण आफ्नो जागिर गुमाउनु पर्ने वा कार्यक्षेत्रमा भेदभाव सहनुपर्ने हुन्छ त्यसै गरि बिदेसिएका व्यक्तिहरू रोगले गर्दा स्वदेश फर्किनु पर्ने हुन्छ ।*

**उपचारमा बाधा–**

*सामाजिक भेदभाव तिरस्कार र अपमानको डरले गर्दा धेरै मानिसहरू आफुलाई क्षयरोगको लक्षण देखिँदा पनि रोग लुकाएर बस्छन। यसले गर्दा समयमै रोग पत्ता लाग्दैन जसका कारण रोग फैलिने र बिरामीको ज्यान जाने समेत हुनसक्छ ।*

*क्षयरोग उन्मूलन गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्नका लागि केवल औषधि मात्र दिएर पर्याप्त छैन । सबै बिरामीहरूको मानवअधिकार, भेदभाव रहित सेवाको कार्यान्वयन मार्फत समाजमा व्याप्त असमानता, बिभेद र लाञ्छना हटाई प्रत्येक बिरामीले आत्मसम्मानका साथ बिना कुनै डर, भेदभाव र अवरोध बिना उपचार पाउने बातावरण बन्दैन तब सम्म क्षयरोग मुक्त समाजको परिकल्पना पुरा गर्न सकिदैन ।*

*|| धन्यवाद ||*

*समाजलाई क्षयरोग मुक्त बनाऔं,*
*सबैले यसमा प्रतिवद्धता जनाऔं ।*
*छुटेका सबै क्षयरोग बिरामीलाई खोजौं,*
*उपचार गरि निको पारौं ।*

**सल्लाहकार**

श्री श्याम कुमार श्रेष्ठ, *महासचिव*

**प्रधान सम्पादक**

श्री निरनमान डंगोल, *केन्द्रय सदस्य*

**सदस्य**

श्री रामकाजी कार्की, *कार्यकारी अधिकृत*

श्री सुमन गिरी, *अफिस एसिस्टेण्ट*

**प्रकाशक**

**नेपाल क्षयरोग निवारण संस्था**

कालिमाटी, काठमाडौं

पो.ब.नं. १४०४

फोन नं: ५३७५३०५, ५३७६४५१

ईमेल: nata.antitb@gmail.com

वेब: www.antitb.org.np

## पाठक प्रतिक्रिया

आगामी अंकबाट यस बुलेटिनमा पाठक प्रतिक्रिया स्तम्भ समावेश गरेका छौं । पाठकले बुलेटिन अध्ययन गरिसके पछि दिएको प्रतिक्रिया, सुझावको साथै प्रश्नको उत्तर विज्ञ मार्फत दिने प्रतिवद्धता व्यक्त गरिन्छ ।

### अपेक्षित जिज्ञासा वा सुझावका क्षेत्र

- क्षयरोग र विरामी सम्बन्धमा
- सम्बन्धित प्रविधि सम्बन्धमा
- बुलेटिन सम्बन्धि

प्राईभेट..............बाकी

जानकारी गराउनुभयो । यस संस्थाको लागि निरन्तर सहयोग र समन्वय गरिरहने कुरा पनि व्यक्त गर्नुभयो । कार्यक्रममा दाताको तर्फबाट काठमाडौँ इन्जिनियरिङ कलेजका अध्यक्ष श्री हिरेन्द्रमान प्रधान ज्यूले संस्थाले क्षयरोग बिरामीहरूलाई दिँदै आएको सेवा र संस्थाले क्षयरोग नियन्त्रणमा पुऱ्याएको योगदानबारे प्रशंसा व्यक्त गर्नुभयो ।

आर्थिक सहयोग प्रदान गर्ने दाताहरूको नामावलीको विवरण :

- श्री काठमाडौँ इन्जिनियरिङ कलेज, काठमाडौँ ४ लाख
- श्री याक प्यालेस, पुलचोक ललितपुर रू. ४ लाख
- श्री मदन काजी श्रेष्ठ,कास्की पोखरा रू. ४ लाख
- डा. धर्मशर्ण मानन्धर, कालिमाटी रू २ लाख
- श्री ध्रुव नारायण मानन्धर,कालिमाटी रू २ लाख
- श्री देवेन्द्र बहादुर प्रधान,सौगल ललितपुर रू १ लाख
- श्री बिन्दु प्रधान ,सौगल ललितपुर रू १ लाख
- श्री भूपेन्द्र प्रधान, सौगल ललितपुर रू १ लाख
- श्री मृदुला प्रधान ,सौगल ललितपुर रू १ लाख
- श्री सम्यक शाक्य ,कमलादी काठमाडौँ रू. १ लाख
- श्री कर्मठ प्रधान, सौगल ललितपुर रू १ लाख
- श्री शिल्पा प्रधान, सौगल ललितपुर रू. १ लाख
- श्री दीपक श्रेष्ठ ,दोबहाल ललितपुर रू १ लाख
- श्री राजन श्रेष्ठ , मोरङ रू १ लाख
- श्री राजकिशोर प्रसाद यादव, रौतहट रू १ लाख
- श्री हिरा देवी शर्मा ,स्याङ्जा रू १ लाख
- श्री अमर बहादुर श्रेष्ठ, काठमाडौँ रू. १ लाख

काठमाडौँ महानगरपालिकाका कार्यवाहक प्रमुख श्री सुनिता डंगोललाई संस्थाका अध्यक्ष श्री देवेन्द्रबहादुर




प्रधानले संस्थाको तर्फबाट मायाको चिनो प्रदान गर्नुभएको थियो । कार्यक्रममा केन्द्रीय सदस्यहरु, सल्लाहकार, जिल्ला शाखाका प्रतिनिधिहरु, स्वयंसेवक, स्वास्थ्य स्वयंसेविका, विभिन्न संघसंस्थाबाट पाल्नुभएका व्यक्तित्वहरु, पत्रकार र कर्मचारीहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रमको संचालन कर्मचारी सुनिता ताम्राकारले गर्नुभएको थियो ।

## BNMT बाट Welcome Care Package वितरणः

नेपाल क्षयरोग निवारण संस्था, कालिमाटी स्थित DR होस्टेलमा रहेका बिरामीहरूलाई BNMT नेपालको सहयोगमा मिति २०८३।०३।०५ गते Welcome Care Package वितरण गरिएको थियो । वितरण गरिएको प्याकेजभित्र दैनिक आवश्यक सामग्रीहरु राखिएका थिए र आगामि दिनहरूमा पनि वितरण कार्यलाई निरन्तरता दिइने उक्त संस्थाले जानकारी गराएको थियो । नेपाल क्षयरोग निवारण संस्थाका केन्द्रीय सदस्य डा. सागर राजभण्डारीको उपस्थितिमा आयोजित उक्त कार्यक्रममा BNMT का प्रतिनिधिहरु तथा संस्थाका कर्मचारीहरूको सहभागितामा सम्पन्न भएको थियो ।



## क्षयरोग निवारणमा सामुदायिक अधिकार तथा लैङ्गिक सिद्धान्त [Community Rights and Gender (CRG) Principle in Tuberculosis(TB)] सम्बन्धी तालिम

मिति २०८३ असार २३ र २४ गते संस्थाद्वारा संचालित ग्लोबल फण्ड कार्यक्रमको Strengthening Health Resilience in Nepal: HIV, TB and Malaria: DR-TB Treatment, Care and Support Services अन्तर्गत यूएनडिपीको प्राविधिक सहयोग तथा समन्वयमा क्षयरोग निवारणमा सामुदायिक अधिकार तथा लैङ्गिक सिद्धान्त [Community Rights and Gender (CRG) Principle in Tuberculosis(TB)] सम्बन्धी दुई दिने तालिम संस्थाका महासचिव श्याम कुमार श्रेष्ठज्यूको अध्यक्षतामा नगरकोट, काभ्रे स्थित माउट एभरेष्ट होटेलमा सम्पन्न भएको थियो । संस्थाका पदाधिकारी, कर्मचारी, डि.आर सब-सेन्टर, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, काठमाण्डौ



महानगरपालिका, जिल्ला स्वास्थ्य कार्यालय काठमाण्डौंबाट प्रतिनिधिहरू सहित महिला स्वास्थ्यस्वयमसेविका गरि ३० जनाको सहभागीता रहेको थियो । तालिममा स्वागत मन्तव्य संस्थाका केन्द्रीय सदस्य तथा ग्लोबल फण्ड कमिटिका सदस्य श्री  प्रमोद कुमार पौडेलले गर्नुभएको थियो । उक्त तालिममा संस्था तथा क्षयरोग सम्बन्धी आधारभूत जानकारी केन्द्रीय विशेषज्ञ सदस्य डा. सागर कुमार राजभण्डारीले प्रस्तुत गर्नुभएको थियो भने मावन अधिकार आयोगबाट विरामीहरूको अधिकार, हकहित सम्बन्धमा अधिकृत श्री किरण बरामले जानकारी गराउनुभएको थियो । तालिममा समुदायको अधिकार, लैङ्गिक समानता, क्षयरोगसँग जोडिएको सामाजिक विभेद तथा कलंक, उपचारमा पहुँच र समुदायस्तरमा सचेतना अभिवृद्धिका विषयमा सामुदायिक अधिकार तथा लैङ्गिक विश्लेषक (यूएनडिपि) आशा बुढाले दिनुभएको थियो । दुई दिनसम्म सञ्चालन भएको उक्त तालिममा सहभागीहरूलाई समूहगत छलफल, अन्तरक्रियात्मक प्रस्तुति, अभ्यास तथा अनुभव आदानप्रदान गरि समुदायमा क्षयरोग सम्बन्धी सचेतना विस्तार गर्ने र विभेदरहित सेवा प्रवर्द्धन गर्ने विषयमा छलफल गरिएको थियो । यस तालिमबाट डट्स सेन्टर ,डि.आर सव सेन्टरका प्राविधिक कर्मचारी, सामाजिक परिचालकलाई समुदायमा क्षयरोग नियन्त्रण अभियानलाई थप प्रभावकारी बनाउन, बिरामीको अधिकार संरक्षण गर्न तथा लैङ्गिक संवेदनशील दृष्टिकोणबाट सेवा प्रवाहमा सहयोग पुग्ने अपेक्षा गरिएको छ । सहभागीहरूलाई तालिमको प्रमाण पत्रको वितरण केन्द्रीय सदस्यहरू श्री निरनमान डंगोल, श्री जगन्नाथ गौतम र श्री प्रमोद कुमार पौडेल तथा प्रशिक्षक श्री आशा बुढाले संयुक्त रूपमा गर्नुभएको थियो भने प्रशिक्षक आशा बुढालाई संस्थाको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो । तालिमको समापनमा  केन्द्रीय सदस्य निरनमान डंगोलले आफ्ना मन्तव्य राख्नु हुदै सहभागीहरूले तालिममा सिकेका कुराहरूलाई व्यवहारमा प्रयोग गर्नुहुन अनुरोध गर्दै उपस्थित सम्पुर्णलाई धन्यबाद दिनु भई तालिम समापन गर्नुभएको थियो।

यसैगरि यस बिषय सम्बन्धी दुईदिने तालिम २०८३ असार ३१ र ३२ गते विराटनगरस्थित होटल इस्टर्न स्टारमा सफलतापूर्वक सम्पन्न भयो।

उक्त तालिममा नेपाल क्षयरोग निवारण संस्था (NATA) केन्द्रीय कार्यालयबाट Global Fund समिति सदस्यद्वय, कार्यवाहक अध्यक्ष श्री राजन श्रेष्ठ तथा केन्द्रीय कोषाध्यक्ष श्री राजकिशोर यादवको सहभागिता रहेको थियो। त्यसैगरी मोरङ जिल्ला शाखाबाट कार्यवाहक सभापति श्री भैरव क्षेत्री, सहित पदाधिकारी र सदस्यगरि ५ जना सहभागी हुनु भएका थिए। यसका अतिरिक्त संस्थाका सात जना कर्मचारी, विराटनगर महानगरपालिका स्वास्थ्य महाशाखाका तीन जना प्रतिनिधि, DR Sub–Center का १३ जना फोकल पर्सन, कोशी प्रदेशका तेह्रथुम, धनकुटा, इलाम, झापा तथा सुनसरी जिल्ला शाखाबाट सभापति तथा प्रतिनिधिसहित पाँच जना तथा TB Survivor समूहबाट एक जना TB Champion गरी जम्मा ३६ जनाको सहभागिता रहेको थियो। कार्यक्रमको उद्घाटन कोशी प्रदेश सरकारका माननीय स्वास्थ्य मन्त्री श्री मानबहादुर लिम्बूको प्रमुख आतिथ्यमा सम्पन्न भएको थियो।

तालिममा UNDP का श्री आशा बुढा, स्वास्थ्य निर्देशनालय कोशी प्रदेशका क्षयरोग कार्यक्रम अधिकृत श्री तुलसी प्रसाद गुरागाईं तथा राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेशका सल्लाहकार श्री सोमराज थापाले स्रोत व्यक्तिका रूपमा सहजीकरण गर्नुभएको थियो।

तालिमका क्रममा श्री तुलसी प्रसाद गुरागाईंले क्षयरोग सम्बन्धी आधारभूत अवधारणा, रोगको रोकथाम, निदान, उपचार तथा व्यवस्थापनका विषयमा प्रस्तुतीकरण गर्नुभएको थियो । राष्ट्रिय मानव अधिकार आयोगका सल्लाहकार श्री सोमराज थापाले क्षयरोगीहरूको मानव अधिकार, कानुनी संरक्षण तथा सेवामा समान पहुँचका विषयमा सहजीकरण गर्नुभएको थियो। त्यसैगरि UNDP का सामुदायिक अधिकार तथा लैङ्गिक विशेषज्ञ श्री आशा बुढाले Community Rights and Gender (CRG) को अवधारणा, समुदायको अधिकार, लैङ्गिक समानता, सामाजिक विभेद तथा कलङ्क, सेवामा समान पहुँच र समुदायस्तरमा सचेतना अभिवृद्धिका विषयमा विस्तृत प्रस्तुतीकरण गर्नुभएको थियो।

यस तालिमबाट नेपाल क्षयरोग निवारण संस्थाका विभिन्न जिल्ला शाखा, DOTS Clinic, DR Sub–Center तथा अन्य स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूको क्षमता अभिवृद्धि भई समुदायमा क्षयरोग नियन्त्रण अभियानलाई थप प्रभावकारी बनाउन, क्षयरोगीहरूको अधिकार संरक्षण गर्न तथा लैङ्गिक संवेदनशील दृष्टिकोणका आधारमा गुणस्तरीय, समान तथा विभेदरहित सेवा प्रवाहमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ।

अन्त्यमा सहभागीहरूलाई प्रमाणपत्र वितरण गरिएको थियो। प्रमाणपत्र वितरण नेपाल क्षयरोग निवारण संस्थाका केन्द्रीय कार्यवाहक अध्यक्ष श्री राजन श्रेष्ठ, केन्द्रीय कोषाध्यक्ष श्री राजकिशोर यादव, मोरङ जिल्ला शाखाका कार्यवाहक सभापति श्री भैरव क्षेत्री तथा प्रशिक्षकद्वय श्री तुलसी प्रसाद गुरागाईं र श्री आशा बुढाद्वारा संयुक्त रूपमा सम्पन्न गरिएको थियो।



# जिल्ला गतिविधिहरु

**झापा :**

मिति २०८२।१२।१२ जिल्ला शाखाको आयोजनामा भद्रपुर न.पा वडा नं ९ स्थित श्री पशुपतिनाथ आधारभूत विद्यालयमा एक दिवसीय अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको सहजिकरण झापा जिल्ला भित्र क्षयरोग सम्बन्धी कार्यगर्दै आइरहेको गैह्रसरकारी संस्था बागमती सेवा समाजका सहजकर्ताहरू श्री भुपेन्द्र निरौला र श्री रतन बस्नेतले गर्नुभएको थियो । शाखाका पदाधिकारी तथा सदस्यहरूको उपस्थितिमा भएको कार्यक्रमको अध्यक्षता शाखाका सभापति श्री गोपाल बहादुर थापाले गर्नुभएको थियो । कार्यक्रममा क्षयरोगको परिचय, सर्ने कारण, बच्ने उपाय बारेमा सहजकर्ताले जानकारी दिनुभएको थियो । उक्त एक दिवसीय कार्यक्रममा विद्यालयका शिक्षक, विद्यार्थी र समितिका सदस्यहरू गरी ६५ जनाको सहभागिता रहेको थियो । शाखाले क्षयरोग निवारण तथा नियन्त्रणका लागि झापाको सदरमुकाम भद्रपुरमा रहेको नागरिक एफ.एम संग सहकार्य गर्दै २०८२ माघ देखि २०८२ चैत्र महिना सम्म तिन महिनाका लागि रेडियो सन्देश तथा जिंगल प्रसारण गर्ने सम्झौता गरेको जानकारी गराइएको थियो । त्यसै गरि केन्द्रको आर्थिक सहयोगमा मिति २०८३।३।१४ गते र २७ गते लक्षित वर्गमा क्षयरोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो ।

**सर्लाही :**

मिति २०८२।१२।१० गते जिल्ला शाखा सर्लाही शाखाको आयोजनामा महिला स्वयमसेविकाहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । शाखाका सभापति श्री डोर प्रसाद भट्टराईको सभापतित्व, हरिवन न.पा को उपप्रमुख श्री हरिमाया घलानको प्रमुख अतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा हरिवन न.पा स्वास्थ्य विभाग प्रमुख श्री रामबाबु चौधरी र स्वास्थ्य चौकी प्रमुख श्री श्याम धुकुवाहले क्षयरोग सम्बन्धी प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा शाखाका पदाधिकारी तथा सदस्यहरूको पनि उपस्थिती रहेको थियो ।

**दोलखा :**

चैत्र २८, २०८२ नेपाल क्षयरोग निवारण संस्था, जिल्ला शाखा दोलखा र भीमेश्वर नगरपालिका वडा नं २ कार्यालय दोलखाको संयुक्त आयोजना तथा जनस्वास्थ्य कार्यालय दोलखा र पशुपति चौलागाई स्मृति अस्पताल दोलखाको प्राविधिक



सहयोगमा दिलढुङ्गा तथा नेगल सहरी स्वास्थ्य क्लिनिकमा क्षयरोग पहिचानका लागि खकार परीक्षण कार्यक्रममा ६६ जनाको खकार सङ्कलन भएको थियो । कार्यक्रममा संस्थाका सभापति श्री तीर्थ बहादुरजोशी, वडा अध्यक्ष श्री स्टालिन श्रेष्ठ, न.स.स श्री सविना बिक, वडा सचिव श्री बिना श्रेष्ठ तथा संस्थाका पदाधिकारी/सदस्यहरु सहित ७८ जनाको उपस्थिति रहेको थियो ।

**पाल्पा :**

मिति २०८२।१२।२० गते जिल्ला शाखा पाल्पाद्धारा "जुनियर नाटा अन्तर मा.वि स्तरीय हाजिरी जवाफ प्रतियोगिता" कार्यक्रम सम्पन्न भएको थियो । तानसेन बहुमुखी क्याम्पसका क्याम्पस प्रमुख पुष्कर रेग्मीले संयोजन गर्नुभएको कार्यक्रममा शाखाका सभापति श्री विधान प्रसाद श्रेष्ठको सभापतित्व, तानसेन न.पा वडा नं १का वडा अध्यक्ष श्री सुशिल कुमार बस्यालको प्रमुख आतिथ्यता रहेको थियो । प्रतियोगितामा सेन मा.वि प्रथम, पद्यम पब्लिक दाश्रो, मोहन कन्या तेश्रो, जनता मा.वि र देववाणी मा.विले सान्त्वना पुरस्कार हासिल गरेको थियो । विजेता विद्यालयहरूलाई नगद पुरस्कार र प्रमाणपत्र र हरेक विद्यालयलाई सहभागिताको प्रमाणपत्र प्रदान गरिएको थियो । प्रतियोगितामा प्रमुख अतिथि र संयोजकलाई मायाको चिनो प्रदान गरिएको थियो । प्रतियोगितामा ७ वटा विद्यालयहरूको सहभागिता रहेको थियो । कार्यक्रम संचालन शाखाका सचिव श्री झपेन्द्र गैरेले गर्नुभएको थियो ।

**बारा :**

मिति २०८३।०२।०८ र ०९ गते जिल्ला शाखा बाराले पहिलो कार्यक्रम कलैया स्थित श्री ३ चन्द्र माध्यमिक विद्यालयमा अध्ययनरत करिब ६५ जना विद्यार्थीहरू र दोश्रो कार्यक्रम कलैयाकै विद्यालय शिक्षक, फार्मासिष्ट तथा स्वास्थ्यसँग सम्बन्धित व्यक्तिहरूसहित २२ जनाको सहभागितामा क्षयरोग सम्बन्धी चेतनामूलक अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो । शाखाका सभापति श्री ध्रुब प्रसाद रेग्मीको अध्यक्षता रहेको सो कार्यक्रमको सहजीकरण गर्नु हुदै पूर्व सभापति श्री सुरेश मोदकले क्षयरोग अझै पनि नेपालका लागि चुनौतीपूण तथा स्वास्थ्य समस्याको रूपमा रहेको बताउनु भयो । शाखाका सभापति रेग्मीले संस्थाले विगत लामो समयदेखि जिल्लामा क्षयरोग नियन्त्रण तथा स्वास्थ्य सचेतना अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनु भयो । कार्यक्रममा सहभागीहरूलाई क्षयरोग सर्ने माध्यम, रोकथामका उपाय, सरसफाइ, पोषणयुक्त खानपान तथा नियमित स्वास्थ्य परीक्षणको महत्वबारे जानकारी गराइएको थियो । शाखाका सचिव श्री किशोर रामले सञ्चालन गरेको सो कार्यक्रमहरूमा स्वास्थ्य तथा शिक्षा क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूको सक्रिय

सहभागिता रहेको थियो ।

**इलाम :**

मिति २०८३।०२।२० गते जिल्ला शाखा इलामले विद्यार्थी, जनप्रतिनिधि, स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, शिक्षक, शिक्षिका र टोल विकास संस्थाका प्रतिनिधिहरूलाई क्षयरोग सम्बन्धी एकदिने अभिमुखीकरण कार्यक्रम सम्पन्न गरेको थियो । शाखाका सभापति श्री दिवाकर भण्डारीको अध्यक्षतामा एंव इलाम न.पा वडा नं २ को कार्यवाहक वडा अध्यक्ष श्री सरिता बराइलीको प्रमुख आतिथ्यता साथै



जिल्लाका अन्य संस्थाका प्रतिनिधिहरूको आतिथ्यमा सो कार्यक्रम सम्पन्न भएको थियो । जिल्ला स्वास्थ्य कार्यालय इलाममा कार्यरत जनस्वास्थ्य अधिकृत श्री साजना राईले क्षयरोगको बारेमा प्रस्तुती दिनुभई कार्यक्रममा सहजिकरण गरिदिनु भएको थियो । कार्यक्रममा शाखाका सभापतिले सहभागिहरूलाई क्षयरोगको परिचय, क्षयरोगका प्रकार तथा लक्षणहरू, हाम्रो अवस्था तथा क्षयरोग नियन्त्रणमा नेपाल सरकारको भूमिकाको बारेमा जानकारी गराउनु भएको थियो । कार्यक्रममा ५१ जनाका सहभागिता रहेको थियो भने कार्यक्रम शाखाका उपसभापति श्री नेरेन्द्र खड्काले संचालन गर्नुभएको थियो । साथै जिल्ला शाखाले केन्द्रको आर्थिक सहयोगमा जिल्लाका विभिन्न संचार माध्यमहरूमा क्षयरोग सम्बन्धी सन्देश प्रसारण गरेको जानकारी दिनु भएको थियो ।

**गुल्मी :**

मिति २०८३।०१।०८ गते जिल्ला शाखा गुल्मीले रेसुङ्गा न.पा १ को श्री महेन्द्र मा.वि को सभाहल तम्घासमा जुनियर नाटा गठन भएका विद्यालयका विद्यार्थी बीच क्षयरोग विरूद्धको सचेतनामा विद्यार्थीको भूमिका शिर्षकमा प्रतियोगितात्मक वक्तृत्वकला कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा शाखाका सभापति श्री अखिलेश्वरप्रसाद पाण्डेयको सभापतित्व, केन्द्रीय सदस्य श्री जगन्नाथ गौतमको प्रमुख अतिथ्यता र रे.न.पा १ गुल्मीका वडाध्यक्ष श्री राम प्रसाद पन्थीको विषेश आथित्यता रहेको थियो । प्रतियोगितामा उपल्लो तम्घास मा.वि प्रथम, भाडगाँउ मा.वि दितीय, रेसुङ्गा मा.वि तृतिय र सिद्धबाबा मा.विले सान्त्वना स्थान हासिल गरेको थियो । प्रतियोगितामा प्रथम, दितीय, तृतिय र सान्त्वना हुने छात्राहरूलाई नगद र प्रमाणपत्रद्धारा पुरस्कृत गरिएको थियो भने सबै सहभागि विद्यालयलाई पनि प्रोत्साहन रूवरूप नगर र प्रमाणपत्र प्रदान गरिएको थियो ।

त्यसै गरि दोस्रो कार्यक्रम मिति २०८३।०२।१२ गते औषधि व्यवसायीसंग क्षयरोग सम्बन्धी अन्तक्रिया गोष्ठी रेसुङ्गा न.पा. वडा नं ७ साखीने डाडा स्थित औषधि व्यवसायी संघको सभाहलमा सम्पन्न भएको थियो । उक्त कार्यक्रम शाखाका सभापति श्री अखिलेश्वरप्रसाद पाण्डेयको सभापतित्व , रे.न.पाका उपप्रमुख श्री अमृता देवि कुँवरको प्रमुख आतिथ्यता र केन्द्रीय सदस्य श्री जगन्नाथ गौतमको विशेष अतिथ्यता रहेको थियो । उक्त कार्यक्रमको प्रशिक्षण तथा सहजीकरण जिल्ला स्वास्थ्य कार्यालय गुल्मीका क्षयकुष्ठ स्रोत व्यक्ति श्री ताराबहादुर कार्कीले गर्नुभएको थियो ।

**गोरखा :**

मिति २०८३।३।२ गते जिल्ला शाखा गोरखाद्धारा आयोजना गरेको क्षयरोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा प्रमुख अतिथि गोरखा नगरपालिकाको वडा नं २ का वडाध्यक्ष श्री रहमतुल्ला मियाज्यू हुनु हुन्थ्यो भने कार्यक्रममा उपस्थित महानुभावहरूलाई क्षयरोगबारे कोखेआलेको स्वास्थ्यचौको प्रमुख श्री नवराज रानाले प्रशिक्षण दिनु भएको थियो । कार्यक्रमको सभापतित्व शाखाका सभापति श्री राजन ढुङ्गानाले गर्नुभएको थियो । उक्त कार्यक्रममा शाखाको




कार्यसमितिको उपसभापति श्री रामचन्द्र दुवाडी, सदस्य श्री शरद श्रेष्ठ, महिला स्वयंसेविकाहरू लगयतको उपस्थिती रहेको थियो ।

**नुवाकोट :**

मिति २०८३।३।१ गते जिल्ला शाखा नुवाकोटको आयोजनामा किस्पाङ गा.पा-३ को श्री ऐसेलु भुमे मा.विमा क्षयरोग सम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा शाखाको उपसभापति श्री दिवाकर शर्मा रिमालको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा शाखाका का.स सदस्य श्री लक्ष्मी कुमारी तामाङको सहभागीता रहेको थियो । विद्यालयका प्र.अ श्री पवन कुमार पौडेलको प्रमुख आतिथ्यतामा सम्पन्न उक्त कार्यक्रममा डा. आशिस दाहालले विषयवस्तुमा सहजीकरण गर्नुभएको थियो । विद्यालयका शिक्षिका, शिक्षकहरू तथा कक्षा १० का ५० जना विद्यार्थीहरू समेतको सहभागिता रहेको उक्त कार्यक्रममा क्षयरोग लाग्नुको कारण, लक्षण, उपचार तथा बच्ने





उपायका सम्बन्धमा विद्यार्थीसँग सक्रियतापूर्वक क्षयरोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो ।

त्यस्तै दोश्रो कार्यक्रम अन्तर्गत विदुर न.पा वडा नं ५ मा रहेको श्री च्वाडी पब्लोक माध्यमिक विद्यालय माफीटारमा क्षयरोग सम्बन्धी भिडियो/टिकटक प्रतियोगिता सम्पन्न भएको थियो । शाखाका सभापति श्री निरनमान डंगोलको अध्यक्षतामा भएको उक्त कार्यक्रममा सोही विद्यालयका प्रधानाध्यापक श्री हरि प्रसाद नेपालको प्रमुख अतिथि रहेको थियो । कक्षा ६ देखि १० सम्मका छात्रछात्राहरूको समूहले बनाएको भिडियोमा क्षयरोगको पहिचान र लक्षण, रोकथाम र बच्ने उपायका बारेमा सन्देश दिइएको थियो । करिब १२५ जनाको सहभागितामा भएको उक्त कार्यक्रममा प्रतियोगी ५ समूह मध्ये कक्षा १० समूह प्रथम, कक्षा ८ समूह दोश्रो र कक्षा ९ समूह तेश्रो, कक्षा ६र७ समूहलाई सान्त्वना पुरस्कार प्रदान गरिएको थियो ।

**सप्तरी :**

मिति २०८३।०२।२९ गते जिल्ला शाखा सप्तरीद्वारा आयोजित क्षयरोग बिरूद्ध जनचेतना अभिवृद्धि कार्यक्रम जुनियर नाटा अभिमुखिकरण कार्यक्रम राजविराजस्थित कोशी अनिरूद्धवती माध्यमिक विद्यालयमा सम्पन्न भएको थियो । शाखाका सभापति श्री वैद्यनाथ झाको अध्यक्षतामा सम्पन्न कार्यक्रममा विद्यालयका सहायक प्रधानाध्यापक श्री निलम मिश्रा प्रमुख अतिथि रहेको थियो । संस्थाका केन्द्रीय सल्लाहकार श्री विजयानन्द झाले सहजीकरण गर्नुभएको कार्यक्रममा संस्थाको स्थापना, क्षयरोग लाग्नुको कारण, लक्षण, रोकथामका उपाय तथा नियमित उपचारको महत्वबारे जानकारी गराइएको थियो । कार्यक्रममा संस्थाका कोषाध्यक्ष तथा पूर्व क्षयकुष्ट अधिकृत श्री गुन्जेश्वर प्रसाद यादवले स्वागत मन्तव्य व्यक्त गर्दै क्षयरोग अझै पनि सार्वजनिक स्वास्थ्यको चुनौतीका रूपमा रहेको उल्लेख गर्नुभएको थियो । त्यसै गरि शाखाले दोश्रो कार्यक्रम अन्तर्गत स्वास्थ्यकर्मीहरू सँग अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो ।

**धनुषा :**

मिति २०८३।३।०५ गते जिल्ला शाखा धनुषाको आयोजनामा जनकपुरधाम उपमहानगरपालिका-११ स्थित अरनिको सेकेन्ड्री बोर्डिङ् स्कूलमा शुक्रबार जुनियर नाटा इकाइ समितिका पदाधिकारी तथा सदस्यहरुका लागि एकदिने क्षयरोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको थियो । शाखाका सभापति श्री सन्तकुमार कार्कीको अध्यक्षतामा आयोजित कार्यक्रममा जुनियर नाटा इकाइका २५ जना विद्यार्थी सहभागी थिए । कार्यक्रममा जनकपुरधाम उपमहानगरपालिका-१० स्थित आधारभूत जनस्वास्थ्य केन्द्रकी अधिकृत श्री अर्चना पाठकले क्षयरोगको कारण, लक्षण, निदान तथा उपलब्ध निःशुल्क उपचार सेवाबारे जानकारी गराउँदै प्रशिक्षण दिनुभएको थियो। कार्यक्रमलाई सम्बोधन गर्दै सभापति कार्कीले नेपालमा जनस्वास्थ्यको प्रमुख चुनौतीका रुपमा रहेको क्षयरोग नियन्त्रण तथा निवारणका लागि नेपाल क्षयरोग निवारण संस्था निरन्तर सक्रिय रहेको बताउनुभयो। उहाँले २०१० सालमा स्थापित संस्था सम्भवतः नेपालकै दोश्रो गैरसरकारी संस्थामध्ये एक भएको उल्लेख गर्दै देशका ३२ जिल्ला शाखामार्फत उपचारात्मक, प्रतिकारात्मक तथा जनचेतनामूलक कार्यक्रम सञ्चालन भइरहेका जानकारी दिनुभयो । यस शाखाले पनि विभिन्न वर्ग र समुदायका नागरिकबीच क्षयरोगसम्बन्धी



सचेतना अभिवृद्धि गर्दै आएको उल्लेख गर्दै उहाँले क्षयरोगमुक्त समाज निर्माणका लागि जुनियर नाटाको भूमिका महत्वपूर्ण रहेको बताउनुभयो। प्रशिक्षणबाट प्राप्त ज्ञानलाई व्यवहारमा उतार्दै समुदायमा सचेतना फैलाउन सहभागी विद्यार्थीहरूलाई उहाँले आग्रह गर्नुभयो थियो । कार्यक्रममा संस्थाका केन्द्रीय सदस्य एवं धनुषा शाखा सदस्य श्री श्रवणकुमार साह, पूर्व केन्द्रीय सदस्य तथा वर्तमान शाखा सदस्य श्री दिनेश शर्मा, अरनिको विद्यालयका प्रिन्सिपल श्री दीपेन्द्र कुमार झा तथा शिक्षक श्री जितेन्द्र यादवको विशेष उपस्थिति रहेको थियो । शाखाले विद्यालयस्तरबाटै क्षयरोगविरूद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले जुनियर नाटा गठन गरियो ।

**ललितपुर :**

मिति २०८३।०२।१८ गते विश्व धुम्रपान रहित दिवसको उपलक्ष्यमा जिल्ला शाखा ललितपुर तथा जिल्ला भित्रका अन्य संघसंस्थाहरूको संयूक्त आयोजनामा ललितपुर महानगरपालिका सामुदायिक माध्यमिक विद्यालय स्तरीय वक्तृत्वकला प्रतियोगिता कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रममा शाखाका उपसभापति, सचिव र कार्यसमितिका सदस्यहरू तथा अन्य संघसंस्थाहरूको पदाधिकारीहरूको उपस्थिति रहेको थियो । प्रतियोगिताको प्रमुख निर्णयक डा. सागर कुमार राजभण्डारी, निर्णायकहरू डा. निशा थापा र डा. सजिम रंजितकार हुनुहुन्थ्यो भने प्रतियोगितामा २६ जना विद्यार्थीहरूको सहभागिता रहेको थियो ।त्यसै गरि मिति २०८३।३।२० गतेका दिन जिल्ला भित्रका विभिन्न संघ संस्थाहरूको सहकार्य र शाखाको समन्वयमा ललितपुर महानगरपालिका वडा नं ९ सप्तखेल महिला समूहका महिला दिदीबहिनीहरूलाई क्षयरोग, स्तन क्यान्सर र पाठेघर क्यान्सर सम्बन्धी सचेतना तथा अन्तक्रिया कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रमको सहजकर्ताको रूपमा डा. सजिम रंजितकार, डा. विकास शाह, डा. समिर

मल्लले प्रशिक्षण गर्नुभएको थियो । सो कार्यक्रममा ३० जनाको सहभागिता रहेको थियो ।

**दाङ :**

मिति २०८३।२।२९ गते जिल्ला शाखा दाङले घो.उ.म.न.पा १६ अम्वापुरमा क्षयरोग विरामी तथा शंखास्पद व्यक्तिहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो । उक्त कार्यक्रममा शाखाका सभापति श्री खिमलाल डांगीको अध्यक्षयता, वडा नं १६ का का.वा अध्यक्ष श्री पदमा चौधरीको प्रमुख आतिथ्यता र शहरी स्वास्थय केन्द्रका ईन्चार्ज श्री प्रकाश आचार्य अतिथि रहेको थियो । कार्यक्रममा क्षयरोगकोबारेमा सभापति श्री खिमलाल डांगी, श्री लाल बहादुर आर.सी, श्री विष्णु पुन, श्री प्रकाश आचार्यले प्रस्तुती/प्रशिक्षण दिनु भएको थियो । कार्यक्रममा ५१ जनाको उपस्थिती रहेको थियो । त्यस्तै मिति २०८३।३।३ गते लमही न.पा को राप्ती मा.वि उचा निम्बुका छात्रछात्राहरूलाई क्षयरोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा लमही स्वास्थ्य चौकी इन्चार्ज श्री भोगेन्द्र चौधरीले प्रशिक्षण गर्नुभएको थियो । कार्यक्रमको सहजिकरण शाखाका पदाधिकारीहरूले गर्नुभएको थियो । उक्त कार्यक्रममा १०१ जनाको उपस्थिती रहेको थियो । शाखाले घो.उ.म.न.पाको आर्थिक सहयोगमा विभिन्न क्षयरोग सम्बन्धि कार्यक्रमहरू पनि संचालन गर्दै आइरहेको जानकारी गराएको थियो ।



**कास्की :**

मिति २०८३।२।२९ गते जिल्ला शाखा कास्कीको आयोजनामा पोखरा महानगरपालिका वडा नं ९,१०,११,१२मा स्वास्थ्यकर्मी, महिला स्वयमसेविका विच क्षयरोग अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा शाखाका सभापति श्री माधवप्रसाद पराजुलीज्यूको अध्यक्षता, केन्द्रीय सह-महासचिव श्री हिरा देवि शर्माज्यूको प्रमुख अथिति, केन्द्रीय सदस्य श्री केशव राज भण्डारीज्यूको विशेष अथिति रहेको थियो । कार्यक्रममा छाती तथा क्षयरोग विशेषज्ञ डा. मुकुन्द आचार्य र डा. नारायण ओझाज्यूद्धारा क्षयरोग सम्बन्धी प्रशिक्षण दिनुभएको थियो । स्वागत भाषण उप-सभापति श्री पुरूषोतम लामिछानेले गर्नुभएको थियो । कार्यक्रममा सहभागी श्री चन्द्रा लामिछानेले कविताको लयमा आफ्नो भनाई प्रस्तुत गर्नु भएको थियो भने उक्त कार्यक्रममा शाखाका पदाधिकारीज्यूहरू, जिल्लाका विभिन्न संघसंस्थाका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो । कार्यक्रम संचालन सचिव श्री पूर्ण बहादुर रानाले गर्नुभएको थियो भने उक्त कार्यक्रममा ५४ जनाको सहभागीता रहेको थियो ।




**धादिङ :**

मिति २०८३।३।२३ गते जिल्ला शाखा धादिङको आयोजनामा श्री शंखादेवी माध्यमिक विद्यालय, निलकण्ठ न.पा ११, ज्यामरूङ, धादिङमा शिक्षक/शिक्षिकाहरू बीच क्षयरोग सम्बन्धी गोष्ठी कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा शाखाका सभापति श्री चन्द्र बहादुर लम्सालको सभापतित्वमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा विद्यालयका शिक्षक/शिक्षिकाहरूलाई क्षयरोगको बारेमा जानकारी तथा प्रस्तुती दिइएको थियो । उक्त कार्यक्रममा स्थानीय प्रतिनिधि, समाजसेवी, शाखाका पदाधिकारीहरूको उपस्थिति रहेको थियो ।




**काभ्रेपलाञ्चोक :**

मिति २०८३।३।३० गते जिल्ला शाखा काभ्रेको आयोजनामा धुलिखेल न.पा ७ काभ्रेको धुलिखेल क्याम्पस भवनमा जिल्लाका स्थानीय उच्च माध्यमिक विद्यालयमा अध्ययरत विद्यार्थीहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । जिल्ला शाखाका सभापति श्री श्रीबिक्रम ब्याञ्जुको सभापतित्व र धुलिखेल क्याम्पस प्रमुख श्री सागरमणी तिवारीको प्रमुख आतिथ्यमा सो कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा एगदक्षि ज्भबतिज वरिष्ठ स्वास्थकर्मी तथा धुलिखेल नगर स्वास्थ्य संयोजक श्री सन्दिप के.सीले विद्यार्थीहरूलाई प्रशिक्षण गर्नुभएको थियो । ६१ जनाको सहभागिता रहेको उक्त कार्यक्रमको सहजकर्ता शाखाका सचिव श्री सुन्दर लाल श्रेष्ठले गर्नुभएको थियो ।

**कैलाली:**

मिति २०८३।०२।२९ गते धनगढी उपनगरपालिका–६ स्थित श्री बासुदेवी मा.विका शिक्षक शिक्षिकाहरूलाई क्षयरोग सम्बन्धि सचेतना मूलक अभिमुखिकरण कार्यक्रम शाखा सभापति श्री गिरिराज ओझाज्यूको सभापतित्वमासम्पन्न भएको थियो। कार्यक्रममा स्वास्थ्यकर्मी श्री लोकराज पनेरूले प्रशिक्षण दिनु भएको थियो। त्यसै गरि महिला स्वास्थ्यस्वयमसेविकाहरूलाई मिति २०८३।०३।२६ गते क्षयरोग सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो।

**कपिलबस्तु:**

मिति २०८३।०३।२४ गते श्री बुद्धपद्म मा.बि तौलिहवामा शिक्षक/शिक्षिकाहरूलाई १ दिने क्षयरोग सम्बन्धी गोष्ठी

शाखाका सभापति श्री बिश्वराज पाण्डेज्यूको सभापतित्वमा सम्पन्न भयो। कार्यक्रममा शाखाका सचिब प्रशान्त कार्की लगायत सदस्यहरू सहित शिक्षक/शिक्षिकाहरू गरि २२ जनाको उपस्थिति रहेको थियो।



**बाँके:**

नेपाल क्षयरोग निवारण संस्था बाँके शाखाको आयोजना तथा शाखाका सभापति श्री जनकराम भण्डारीको सभापतित्वमा २०८३ जेठ १० गते नेपालगञ्जमा १६ वटा विद्यालयका शिक्षक-शिक्षिकाहरूको सहभागितामा १ दिने क्षयरोग निवारण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। कार्यक्रममा उपमहानगरपालिकाका स्वास्थ्य अधिकृत विनोद कुमार वि.क.ले क्षयरोगको लक्षण, उपचार र हाल १२४ जनाले नियमित औषधि सेवन गरिरहेको तथ्याङ्क प्रस्तुत गर्नुभयो भने स्वास्थ्य विज्ञ सेमराज शाक्यले रोग प्रतिरोधात्मक क्षमता कम भएका व्यक्तिलाई यसको संक्रमण बढी हुने स्पष्ट पार्नुभयो। सो क्रममा संस्थाका केन्द्रीय सदस्य श्रीमती रचना श्रेष्ठले क्षयरोग नियन्त्रणका लागि केन्द्र तथा शाखाहरूले विभिन्न कार्यक्रमहरु गरिरहेको जानकारी दिनुभयो। साथै, कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालयका क्षयरोग फोकल पर्सन रवीन्द्र कुमार शाह र नेपालगञ्ज उपमहानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख जागेश्वर बस्नेतले सन् २०३५ सम्म नेपाललाई क्षयरोग मुक्त बनाउने नेपाल सरकारको रणनीतिक लक्ष्यमा सहयोग पुऱ्याउन शिक्षकहरु मार्फत जनचेतना फैलाउनुपर्नेमा जोड दिनुभयो।




**तनहुँ:**

तनहुँ जिल्ला शाखाको आयोजनामा मिति २०८३ जेठ १८ गते, शुक्र आधारभूत विद्यालयका विद्यार्थीहरूलाई लक्षित गरी क्षयरोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

उक्त कार्यक्रममा स्वास्थ्य कार्यालयका प्रतिनिधिले क्षयरोग, यसका लक्षण तथा रोकथामका उपायहरूबारे विस्तृत प्रस्तुति दिनुभएको थियो।

कार्यक्रममा शाखाका सचिव टिकाराम दाहाल, पूर्व केन्द्रीय सदस्य मछिन्द्र श्रेष्ठ, शाखाका कोषाध्यक्ष घनश्याम मल्ल लगायत अन्य पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो।

**काठमाडौं:**

नेपाल क्षयरोग निवारण संस्था, काठमाडौँ जिल्ला शाखाको आयोजनामा मिति २०८३/०२/१८ गते महिला स्वास्थ्य स्वयंसेविकाहरूका लागि क्षयरोगसम्बन्धी अभिमुखीकरण कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ। शाखाका सभापति श्री अमरबहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा केन्द्रीय महासचिव श्री श्यामकुमार श्रेष्ठको प्रमुख आतिथ्यता रहेको थियो। कार्यक्रममा मेडिकल अफिसर डा. सुधीरनारायण श्रेष्ठले सहभागी महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई क्षयरोगको पहिचान, रोकथाम तथा उपचारसम्बन्धी विषयमा विस्तृत प्रशिक्षण दिनुभएको थियो । उक्त कार्यक्रममा शाखाका पदाधिकारीहरु, संस्थाका कार्यकारी अधिकृत रामकाजी कार्की तथा M&E अफिसर निरज डि.सी.को उपस्थिति रहेको थियो।

**तेह्रथुम:**

तेह्रथुमको त्रिचोक विद्यालयमा मिति २०८३ असार १९ गते विद्यार्थीहरूका लागि क्षयरोगसम्बन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। शाखाका सभापति कृष्णप्रसाद गौतमको सभापतित्वमा सञ्चालित उक्त कार्यक्रममा म्याङलुङ नगरपालिका स्वास्थ्य शाखा प्रमुख श्री छवि ढकालले प्रशिक्षकका रूपमा सहभागीहरूलाई क्षयरोगको लक्षण, रोकथाम र उपचार प्रक्रियाका विषयमा विस्तृत जानकारी गराउनुभएको थियो। उक्त चेतनामूलक कार्यक्रममा कुल ५२ जना विद्यार्थी तथा स्थानीयहरूको उत्साहजनक सहभागिता रहेको थियो।

**भक्तपुर:**

नेपाल क्षयरोग निवारण संस्था भक्तपुरको आयोजनामा वक्तृत्वकला प्रतियोगिता भव्यताका साथ सम्पन्न भएको छ। संस्थाका सभापति हिरण्यप्रताप सांगामीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा प्रमुख अतिथिका रूपमा प्रमुख जिल्ला अधिकारी (प्र.जि.अ.) विनोदकुमार खड्काको उपस्थिति रहेको थियो। त्यसैगरी, कार्यक्रममा अतिथिहरूका रूपमा संस्थाका पूर्व केन्द्रिय उप कोषाध्यक्ष महेन्द्रगोपाल कर्माचार्य र पुर्व महासचिव श्री धनमान श्रेष्ठको सहभागिता रहेको थियो।

कुल २८ वटा विद्यालयहरूको उत्साहजनक सहभागिता रहेको उक्त प्रतियोगिताको निर्णायक मण्डलमा जीवनाथ अधिकारी र डा. सीता सुवेदी रहनुभएको थियो। कार्यक्रममा रत्नालक्ष्मी भैलले स्वागत मन्तव्य राख्नुभएको थियो भने कार्यक्रमको सञ्चालन शाखा सचिव विजय कर्माचार्यले गर्नुभएको थियो।



प्रतिस्पर्धात्मक वक्तृत्वकला प्रतियोगितामा मोर्डन बोर्डिङ स्कुलकी श्रेया खत्री प्रथम, शान्तिनिकेतन माविकी अपेक्षा

घिमिरे द्वितीय र नवरत्न लाइफ स्कुलकी प्रणिधि मानन्धर तृतीय हुन सफल हुनुभयो। साथै, दीब्यदीप स्कुलकी शान्भी भुषालले सान्त्वना स्थान हासिल गर्नुभयो ।

### रौतहट

नेपाल क्षयरोग निवारण संस्था, जिल्ला शाखा रौतहट (गौर) को आयोजनामा २०८३ साल असार २४ गते राजदेवी-७, मुडवलवास्थित श्री नेमधारी बासुदेव नमूना माध्यमिक विद्यालयको सभाकक्षमा क्षयरोग तथा एच.आई.भी. (HIV) सम्बन्धी अभिमुखीकरण तथा अन्तर्क्रिया कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। विद्यालयका प्रधानाध्यापक श्री रविशंकर यादवको अध्यक्षता तथा नेपाल क्षयरोग निवारण संस्थाका केन्द्रीय कोषाध्यक्ष श्री राज किशोर प्रसाद यादवको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा डा. कुमार आशुतोष यादवले मुख्य वक्ताका रुपमा उपस्थित शिक्षक, शिक्षिका तथा जुनियर भाइबहिनीहरूलाई रोगका लक्षण, रोकथाम र उपचारका विषयमा विस्तृत जानकारी गराउनुभएको थियो। संस्थाका सचिव श्री हेमन्त राय यादवले सञ्चालन गर्नुभएको उक्त कार्यक्रममा विशिष्ट अतिथिहरु श्री जितेन्द्र यादव, श्री राम श्रेष्ठ यादव, श्री टेकनाथ खतिवडा लगायत शिक्षक-शिक्षिकाहरूको उत्साहजनक उपस्थिति रहेको थियो ।

## विश्व क्षयरोग दिवस

### केन्द्रिय कार्यक्रम

#### क. अभिमुखिकरण तथा टि.बि स्क्रीनिङ्ग कार्यक्रम

मिति २०८२ चैत्र ८ गते स्तुपा कलेज बौद्धमा अध्ययनरत बिद्यार्थी र शिक्षकहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो । कार्यक्रम प्रशिक्षण मेडिकल अफिसर डा.सजिम रन्जितकार डा.सुधिर नारायण श्रेष्ठ र स्टाफ नर्स रजना प्याठले प्रशिक्षण दिनुभएको थियो। कार्यक्रम १०८ जनाको सहभागिता रहेको थियो।

#### ख. बिरामीहरुलाई अभिमुखिकरण कार्यक्रम

मिति २०८२ चैत्र ११ गते क्षयरोगका बिरामीहरूलाई अभिमुखिकरण कार्यक्रम संस्थाको हलमा सम्पन्न भयो। कार्यक्रम डा.निता चौधरीले क्षयरोग सम्बन्धी अभिमुखिकरण दिनु भएको थियो भने कार्यक्रममा सहजिकरण स्टाफ नर्स बिन्द्रा गुरूङ र M & E अफिसर निरज डि.सि लेखापाल रेश्मा खडगीले गर्नु भएको थियो। स्वास्थ्य कार्यालय का फोकल पर्सन सरोज रोकाले मन्तव्य राख्नुभएको थियो। सहभागीहरूलाई क्षयरोग सम्बन्धी सवाल सोधी सही जवाफ दिनेलाई नगद पुरूस्कार दिइएको थियो। कार्यक्रममा २८ जनाको सहभागीता रहेको थियो।

#### ग. रक्तदान कार्यक्रम

मिति २०८२ चैत्र ११ गते विश्व क्षयरोग दिवसको उपलक्ष्यमा नेपाल रेडक्रस सोसाइटीको सहयोग र काठमाण्डौं इन्जिनियरिङ्ग कलेजसँगको सहकार्यमा रक्तदान कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा १८ जनाले रक्तदान गर्नु भएको थियो।

विश्व क्षयरोग दिवसको उपलक्ष्यमा क्षयरोग सम्बन्धी जानकारी फेलेक्स बनाई प्रचार प्रसार गरिएको थियो भने राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रले आयोजना गरेको



बिशेष समारोहमा संस्थाद्वारा प्रर्दशनी गर्नुका साथै कार्यसमिति सदस्यहरू तथा कर्मचारीहरूको सहभागीता रहेको थियो।

### स्याङ्जा :

मिति २०८२।१२।१० गते जिल्ला शाखा स्याङजाद्वारा विश्व क्षयरोग दिवसको सन्दर्भ पारेर पुतलीबजार न.पा १ श्री त्रिभुवन आदर्श नमूना मा.बिका विद्यार्थीहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न गरेको थियो । कार्यक्रममा प्रमुख अतिथि विद्यालयका प्र.अ श्री प्रेमनारायण पौडेलले उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा पूर्व स्वास्थ्यकर्मी समेत रहनुभएका शाखाका सदस्य श्री देवेन्द्र प्रसाद गुरूङले क्षयरोग सम्बन्धी प्रस्तुती दिनुभएको थियो । प्रमुख अतिथि श्री प्रेमनारायण पौडेलले यस्ता चेतनामूलक कार्यक्रमहरू अझ घनिभूत रूपमा संचालन गर्नुका अतिरिक्त यो रोग सम्बन्धी ज्ञान विद्यालयको पाठ्यक्रममा अनिवार्य समावेश गर्न सकेको खण्डमा क्षयरोग निवारण र नियन्त्रणमा अझ सफलता प्राप्त गरी रोगलाई शुन्यमा ल्याउन सकिने बताउनु भएको थियो । शाखाका सभापति श्री विष्णुप्रसाद पौडेलको सभापतित्वमा सम्पन्न भएको सो कार्यक्रममा स्वागत मन्तव्य शाखाका उपसभापति श्री ख्यामनारायण अधिकारीले दिनुभएको थियो भने संचालन शाखाका सचिव श्री युगनारायण श्रेष्ठले गर्नुभएको थियो । कार्यक्रममा विद्यालयको कक्षा ११ र १२ का छात्रछात्रा गरि ९५ जनाको उपस्थिति रहेको थियो ।



यसै गरि शाखाको कार्यक्रम अन्तरगत मिति २०८२।१२।०७ गते माइस्थान ठाडोलाइन महिला समूहद्वारा क्षयरोग निवारण सम्बन्धी भिडियो निर्माण गरी सामाजिक संजालमा अपलोड गरि प्रचारप्रसार गरिएको थियो ।

**बाँके :**

मिति २०८२।१२।१० गते विश्व क्षयरोग दिवसको अवसरमा जिल्ला शाखा बाँकेले जिल्लाको विभिन्न स्थानमा क्षयरोग सम्बन्धी जनचेतना फैलाउने उद्देश्यले जनचेतनामक कार्यक्रमहरू आयोजना गरेको थियो । कार्यक्रममा केन्दीय सदस्य श्री रचना श्रेष्ठ साथै शाखाका पदाधिकारीहरूको उपस्थितिमा स्थानीय नगर, टोलमा ब्यानर, प्रचा मार्फत जनसन्देश प्रदान गरिएको थियो ।

**पर्सा :**

मिति २०८२।१२।१० गते विश्व क्षयरोग दिवसको अवसरमा जिल्ला शाखा पर्साले बहुदरमाई नगरपालिकाका स्थानीय विद्यालयमा क्षयरोग सचेतना सम्बन्धी, अभिभावक र विद्यार्थीहरूलाई अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा केन्द्रीय सदस्य श्री प्रमोद कुमार पौडेलको साथै जिल्ला शाखाका पदाधिकारीहरूको उपस्थितिमा क्षयरोग सम्बन्धी जनचेतनामूलक सन्देश तथा जानकारीहरू प्रस्तुति दिनुभएको थियो ।

**कास्की :**

मिति २०८२।१२।१० गते विश्व क्षयरोग दिवसको अवसरमा जिल्ला शाखा कास्कीले विभिन्न स्थानहरूमा विविध कार्यक्रमहरू गरि क्षयरोग बिरूद्धको अभियान अन्तर्गत अभिमुखिकरण कार्यक्रमहरू गरि मनाएको थियो । सोही क्रममा पोखरा महानगरपालिका वडा नं ११ स्थित शिव शक्ति मा.विका कक्षा १०,११ र १२ कक्षाका छात्रछात्राहरूका माझ सचेतना कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा केन्द्रीय सह–महासचिव श्री हिरादेवी शर्मा, सदस्य श्री केशव राज भण्डारी साथै जिल्ला शाखाका पदाधिकारीहरूको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो ।

**चितवन :**

मिति २०८३।१२।८ गते जिल्ला शाखा चितवनद्धारा विश्व क्षयरोग दिवसको अवसरमा बिरामीहरूलाई फलफुल वितरण तथा विरामीका परिवारहरूलाई क्षयरोग सम्बन्धी सचेतना कार्यक्रम जिल्ला भित्रका विभिन्न संघसंस्थाहरूको समन्वयमा समाजसेवी एवं बुद्धिजिवीहरूलाई क्षयरोग सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको थियो । पहिलो कार्यक्रममा शाखाका उपसभापति श्री कुष्मा कुमारी पन्तको सभापतित्व एवं केन्द्रीय सहकोषाध्यक्ष श्री दामोदर न्यौपानेको प्रमुख आतिथ्यतामा सम्पन्न सो कार्यक्रममा शाखाका सदस्य श्री बद्रीनाथ पोखरेले स्वागत मन्तव्य राख्नु भएको थियो भने जनस्वास्थ्य कार्यालय चितवनका क्षयकुष्ठ अधिकृत श्री जयराम दुवाडीले विश्व क्षयरोगको महत्व र वर्तमान क्षयरोगको अवस्था र विरामीले पालना गर्नुपर्ने विविध विषयका बारेमा जानकारी गराउनु भएको थियो । सो अवसरमा लक्ष्मी सनराईज बैंकको तर्फबाट सामाजिक उत्तरदायित्व अर्न्तगत शाखालाई ५ थान कुर्ची सहयोग प्राप्त भएको थियो । बैंकका प्रादेशिक अनुपालन अफिसर श्री पुरूषोत्तम पुडासैनीले संस्थाले गरेका कामको प्रशंसा सहित बैंकका गतिविधिको बारेमा जानकारी गराउनु भयो । दोश्रो कार्यक्रम अन्तर्ग शाखाका सभापति श्री ज्ञानेन्द्र मान शाक्यको सभापतित्व एवं जनस्वास्थ्य कार्यालय चितवनका क्षयकुष्ट अधिकृत श्री जयराम दुवाडीज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा शाखाका सदस्यद्धय श्री बिजयकुमार गुरूङ्ग र श्री दिपकराज विष्टको समुपस्थितिमा क्षयरोगको बारेमा पशिक्षण शाखाका कार्यक्रम अधिकृत अर्जुन त्रिपाठीले दिनु भएको थियो । शाखाले विश्व क्षयरोग दिवसको अवसरको अवसरमा स्वास्थ्य शिविरमा टि.विका औषधी सेवन गरेका विरामीहरूलाई पोषण वितरण गरि कार्यक्रम सम्पन्न गरिएको थियो ।

**मोरङ्ग:**

मिति २०८२।१२।१० गते विश्व क्षयरोग दिवसको अवसरमा जिल्ला शाखा मोरङ्गले जिल्लाका औषधी तथा खुद्रा व्यावसायीहरूलाई क्षयरोग सम्बन्धी अभिमुखिकरण कार्यक्रम गरेको थियो । कार्यक्रममा जिल्ला कार्यसमिति सदस्यहरूको उपस्थितिमा जिल्लाको स्वास्थ्य कार्यालयका क्ष.कु.अ श्री मुलुक चन्द्र राजवंशीले क्षयरोग सम्बन्धी जनचेतनामूलक सन्देश तथा जानकारीहरू प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा सहजकर्ताको रूपमा शाखाका कार्यक्रम संयोजक श्री धनश्याम कोइरालाले गर्नुभएको थियो भने उक्त कार्यक्रममा २० जनाको सहभागिता रहेको थियो ।

**मकवानपुर :**

'हो हामी क्षयरोग अन्त्य गर्छौं, राष्ट्रिय अभियान, हाम्रो योगदान' भन्ने मूल नाराका साथ विश्व क्षयरोग दिवसको अवसरमा नेपाल क्षयरोग निवारण संस्था, जिल्ला शाखा मकवानपुरको आयोजनामा हेटौँडामा प्रभातफेरी तथा अन्तरक्रिया कार्यक्रम भव्य रुपमा सम्पन्न भएको छ। संस्थाका सभापति श्री सजनलाल प्रधानको अध्यक्षतामा सम्पन्न उक्त अन्तरक्रिया कार्यक्रममा बागमती प्रदेशका सामाजिक विकास मन्त्री श्री कञ्चनचन्द्र वादेको प्रमुख उपस्थिति रहेको थियो। कार्यक्रममा बोल्दै मन्त्री वादेले क्षयरोगको उपचार र औषधि पूर्ण रुपमा निःशुल्क रहेकाले लक्षण (जस्तैः लगातार खोकी लाग्ने, खोकीमा रगत देखिने, तौल घट्ने र ज्वरो आउने) देखिनासाथ तुरुन्त स्वास्थ्य परीक्षण गराउन आग्रह गर्नुभयो। साथै, उहाँले धूम्रपान र मद्यपानबाट टाढा रहन, पोषणयुक्त खानपान गर्न र बालबालिकालाई समयमै बीसीजी खोप लगाउन जोड दिनुभयो।

उक्त कार्यक्रमको सञ्चालन सचिव गङ्गाप्रसाद पौडेलले गर्नु भएको थियो। प्रभातफेरी कार्यक्रममा हेटौँडा-४ स्थित आमसाई विद्यालयका विद्यार्थीहरुको समेत उत्साहजनक सहभागिता रहेको थियो ।

# जिल्ला अधिवेशन/सभा

### नवलपरासी पश्चिम

मिति २०८२ चैत्र २७ गते नवलपरासी पश्चिम जिल्ला तदर्थ शाखाको प्रथम अधिवेशन सम्पन्न भएको थियो । अधिवेशनमा केन्द्रीय महासचिव एवम निर्वाचन अधिकृत श्री श्याम कुमार श्रेष्ठले शाखाको निर्वाचन सम्पन्न गराउनु भएको थियो । निर्वाचनबाट सभापतिमा श्री बचतनाथ योगी, उपसभापतिमा श्री तेज कुमारी खत्री क्षेत्री, सचिवमा श्री हिरालाल यादव, कोषाध्यक्षमा श्री शंकर प्रसाद नाउ, सहायक सचिवमा श्री मनोज कुमार योगी, सदस्यहरूमा श्री सन्तोष कलवार, श्री दुर्गा प्रसाद खनाल, श्री भगवती कुवर, श्री दान बहादुर दर्लामी, श्री कमलेश्वर कुमार गुप्ता र श्री कृष्ण पुरी निर्वाचित हुनुभएको थियो । सहायक निर्वाचन अधिकृतको रूपमा रामकाजी कार्कीले सहजिकरण गर्नुभएको थियो ।



### स्याङ्जा :

नेपाल क्षयरोग निवारण संस्था जिल्ला शाखा स्याङ्जाको १९ औ साधारणसभा स्याङ्जामा मिति २०८२ चैत्र २७ गते सम्पन्न भएको थियो । संस्थाका जिल्ला सभापति श्री बिष्णुप्रसाद पौडेलको सभापतित्वमा भएको कार्यक्रममा केन्द्रीय सह-महासचिव श्री हीरा देवी शर्मा प्रमुख अतिथि, केन्द्रीय सदस्य श्री केशबराज भण्डारीको बिशिस्ट आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रममा स्याङ्जाका सचिव श्री युगनारायण श्रेष्ठले संस्थाको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो भने कोषाध्यक्ष श्री ढाकाराम सुबेदीले संस्थाको आयव्यय प्रस्तुत गर्नु भएको थियो । बरिस्ठ समाज सेवीहरू श्री चन्द्रमणि पौडेल ,बरिष्ट अधिवक्ता श्री तुलसी गिरी, वडा नं १-का अध्यक्ष श्री उत्तमप्रसाद श्रेष्ठ ,संस्थाका उपसभापति श्री ख्यामनारायण अधिकारी ,संस्थाका पूर्व उपसभापति श्री ख्यामनारायण पराजुली लगायतका महानुभावहरूले सभाको सफलताको लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

### धनकुटा :

मिति २०८३ आषाढ २० गते धनकुटा जिल्लाको तदर्थ समितिको प्रथम अधिवेशन सम्पन्न भएको थियो । अधिवेशनमा संस्थाको का.बा अध्यक्ष एंवम निर्वाचन अधिकृत श्री राजन श्रेष्ठले शाखाको निर्वाचन सम्पन्न गराउनु भएको थियो । निर्वाचनबाट सभापतिमा श्री दोर्ण प्रसाद गुरागाई, उपसभापतिमा श्री धन कुमार राई, सचिवमा श्री देव बहादुर खड्का, कोषाध्यक्षमा श्री मुना देवि पोखरेल, सह-सचिवमा श्री अम्बिका धमला, सदस्यहरूमा श्री रेणु श्रेष्ठ, श्री जुनु राई, श्री अमर पाण्डे, श्री लिलानाथ मिश्रा, श्री खेम राज पौडेल र श्री पार्वती दाहाल निर्वाचित हुनुभएको थियो ।



## हार्दिक समवेदना



जन्म मिति:
वि.सं १९८४ पुष ८ गते

दिवंगत मिति:
वि.सं २०८३ श्रावण १० गते

**स्व. लक्ष्मीदेवी श्रेष्ठ**

**नेपाल क्षयरोग निवारण संस्थाका महासचिव श्री श्यामकुमार श्रेष्ठज्यूकी ममतामयी माता श्री लक्ष्मीदेवी श्रेष्ठज्यूको मिति २०८३ श्रावण १० गते भएको असामयिक निधनले हामीलाई अत्यन्तै मर्माहत बनाएको छ । यस दुःखद घडीमा दिवङ्गत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछौं साथै शोक सन्तप्त परिवारजन प्रति धैर्यधारण गर्ने शक्ति मिलोस भनि ईश्वर संग प्रार्थना गर्दै समवेदना प्रकट गर्दछौं ।**

**नेपाल क्षयरोग निवारण संस्था परिवार**